Regd. No.: 140905/061/062
PAN : 301742191

# River Falls Power Limited
# रिभर फल्स पावर लिमिटेड

Ref No. RFPL/295/2025

मिति :२०८२/०४/११

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।
श्री सि.डि.एस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौ ।

**विषय : हकप्रद शेयर निष्काशन स्विकृत सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस रिभर फल्स पावर लिमिटेडको हाल कायम पूँजी रु. ७०,००,००,०००।- (अक्षरुपी सत्तरी करोड मात्र ) को १:१ अर्थात विद्यमान १ (एक) कित्ता साधारण शेयर बराबर नयाँ १ (एक) कित्ता साधारण शेयरको अनुपातमा रु.७०,००,००,०००।- (अक्षरुपी सत्तरी करोड मात्र) बराबरको रु. १००।- अंकित दरका ७०,००,०००।- (सत्तरी लाख मात्र) कित्ता हकप्रद शेयर निष्काशन गर्नको लागि तयार गरिएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु श्री नेपाल धितोपत्र बोर्डबाट मिति २०८२/०४/०९ गतेको पत्र संख्या नि.वि./शे.द.तथा नि.शा./२०८२/०८३ च.नं. १२९ मार्फत स्विकृत प्राप्त भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

भवदीय,

..............................

रामकृष्ण बन्जारा
कम्पनी सचिव

**बोधार्थ :**

श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौ ।
श्री कुमारी बैक लिमिटेड, नक्शाल, काठमाडौ ।

Nagpokhari, Naxal, Kathmandu, Tel: +977-1-5902330
Email: riverfallshydropower@gmail.com, Website: www.riverfallshydro.com.np

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनियम बजारको नियामक निकाय)

## नियमन विभाग

पत्र संख्याः नि.वि./शे.द. तथा नि. शा./२०८२/०८३

चलानी नं.: १२९

मितिः २०८२।०४।०९

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं ।

विषयः जानकारी बारे ।

महाशय,

श्री रिभर फल्स पावर लिमिटेडले प्रभु क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा सर्वसाधारणका लागि रु.१००।-दरको ७०,००,००० कित्ता हकप्रद शेयर निष्काशन गर्नका लागि बोर्डमा प्रस्तुत गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" लाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० को उपदफा (१) बमोजिम प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराउँदै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" प्रकाशनका लागि दिइएको स्वीकृति पत्र यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ।

भवदीय,

(शंकर प्रसाद रिमाल)
निर्देशक

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, एक्सटेन्सन नं.  फ्याक्स नं.५५४१०५८
टोल फ्रि नं: १६६०-०१-४४४३३, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np